त्रिभुवन विश्वविद्यालय
त्रि-चन्द्र बहुमुखी क्याम्पस
TRI-CHANDRA MULTIPLE CAMPUS
अनुसन्धान व्यवस्थापन एकाइ
RESEARCH MANAGEMENT CELL (RMC)

Ref. No.: 156510821083

Date:

अध्यक्ष:
प्रा.डा. नीलम श्रेष्ठ
Prof. Dr. Nilam Shrestha
Mobile: 9851360747

संयोजक:
डा. दयानिधि छत्कुली
Dr. Daya Nidhi Chhatkuli
Mobile: 9851224735

सदस्यहरु:
प्रा.डा. रमेश कुमार जोशी
Prof. Dr. Ramesh K Joshi
Mobile: 9851029626

डा. अनन्त गजुरेल
Dr. Anant Gajurel
Mobile: 9841888116

डा. विशन दत्त भट्ट
Dr. Bishan Datt Bhatt
Mobile: 9841297955

सदस्य सचिव:
गीता तण्डुकार
Mrs. Geeta Tandukar
Mobile:9841307348

2083-03-05

# Notice: Call for Papers

The Research Management Cell (RMC), Tri-Chandra Multiple Campus, is pleased to announce the inaugural issue of "**Academic Nexus**", a multidisciplinary, double-blind peer-reviewed research journal in Humanities and Social Sciences. The journal will be published in both online and print formats, will carry an ISSN and DOI, and will be indexed in NepJOL.

Authors are invited to submit original research articles, review papers, and critical essays relevant to the broad fields of humanities and social sciences. Manuscripts must comply with the submission and formatting guidelines provided with this notice (please consult the attached journal guidelines for details).

**Important information**

- Journal title: **Academic Nexus**
- Scope: Multidisciplinary research in Humanities and Social Sciences
- Review: Double-blind peer review
- Publication: Online and print; ISSN and DOI assigned; listed in NepJOL
- Submission deadline: Shrawan 20, 2083
- Submission email: ***htrj@trc.tu.edu.np***

Please ensure manuscripts are prepared according to the attached guidelines. For any queries not covered by the guidelines, contact the Research Management Cell via the submission email.

Dr. Daya Nidhi Chhatkuli
Co-Ordinator/Convenor
Research Management Cell (RMC)
Tri-Chandra Multiple Campus

त्रिभुवन विश्वविद्यालय, त्रि-चन्द्र बहुमुखी क्याम्पस, अनुसन्धान व्यवस्थापन एकाइ (RMC) द्वारा मानविकी तथा सामाजिक शास्त्रसंग सम्बद्ध रही प्रकाशन गर्ने लागिएको विज्ञसमीक्षित शोधपत्रिका (Journal) :

# Academic Nexus

(A Multidisciplinary Peer-Reviewed Research Journal)

## निर्देशिका (Guideline)

### १. प्रस्तावना (Preamble)

मामविकी तथा सामाजिक शास्त्रका विभिन्न विषयक्षेत्रमा भएका मौलिक अनुसन्धान (Original research) को प्रचारप्रसारका लागि यस शोधपत्रिकाको प्रकाशन गरिने छ । शोधसंस्कृतिको विकास, नवीन ज्ञानको अन्वेषण, ज्ञानको आदानप्रदान तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा योगदान पुर्‍याउने मुख्य उद्देश्य लिएको यस पत्रिकाका अन्य उद्देश्यसहितका परिचायक घटकहरू यसप्रकार रहने छन् :

### २. उद्देश्य (Objectives)

यस पत्रिकाका उद्देश्यहरू यसप्रकार हुने छन्

- मानविकी तथा सामाजिक शास्त्रसम्बन्धी अनुसन्धानलाई प्रोत्साहन गर्ने,
- मानविकी तथा सामाजिक शास्त्रसँग सम्बन्धित ज्ञानका क्षेत्रमा भएका नवीन प्राप्तिहरूको प्रकाशनमार्फत प्रसार गर्ने,
- अनुसन्धाता, विद्वज्जन, शिक्षक, विद्यार्थी र सामान्य पाठकबिच प्राज्ञिक संवादको सिर्जना गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अनुसन्धानको गुणस्तर अभिवृद्धि गर्ने ।

### ३. विषयक्षेत्र (Scope)

यस पत्रिकामा समाजशास्त्र, मानवशास्त्र, नेपाली भाषा तथा साहित्य, अङ्ग्रेजी भाषा तथा साहित्य, संस्कृत भाषा तथा साहित्य, इतिहास, संस्कृति, पुरातत्त्व, दर्शनशास्त्र, राजनीतिक शास्त्र, अर्थशास्त्र, जनप्रशासन, भूगोल, जनसङ्ख्या अध्ययन, पत्रकारिता तथा आमसञ्चार, सामाजिक कार्य, लैङ्गिक अध्ययन, विकास अध्ययन तथा अन्तर्विषयक अध्ययन (Interdisciplinary Study) सँग सम्बन्धित अनुसन्धानमूलक लेखहरू प्रकाशित गरिने छन् ।

### ४. लक्षित पाठकवर्ग (Target readers)

अनुसन्धाता, विद्वज्जन, शिक्षक, विद्यार्थी, नीतिनिर्माता, निर्णयकर्ता र सामान्य पाठक यस पत्रिकाका लक्षित पाठक वर्ग हुने छन् ।

### ५. लेखका प्रकार (Types of Manuscripts)

यस पत्रिकामा मौलिक अनुसन्धान लेख (Original Research Article) र समीक्षा लेख (Review Article) स्वीकार गरिने छन् ।

## ६. लेख पेस गर्ने मापदण्ड (Manuscript Submission Requirements)

- मौलिक तथा अप्रकाशित हुनुपर्ने छ।
- अन्यत्र प्रकाशनका लागि पेस गरिएको हुनुहुँदैन।
- नेपाली वा अङ्ग्रेजी भाषामा हुन सक्ने छ।
- टाइम्स न्यु रोमन (मूल पाठ १२ pt र शीर्षक १२ pt) वा प्रीति फन्ट (मूल पाठ १४ pt र शीर्षक १६ pt) मा टाइप गरिएको हुनुपर्ने छ।
- शीर्षक श्यामाङ्कित (In bold face) र उपशीर्षक श्यामाङ्कित तथा इटालिक्स (Italics) मा हुनुपर्ने छ।
- शब्दसङ्ख्या ४००० देखि ५००० सम्म हुनुपर्ने छ।

## ७. लेखको संरचना (Structure of Research Articles)

**(क) शीर्षक** (Title)

- सङ्क्षिप्त, जानकारीमूलक र समस्यामूलक हुनुपर्ने छ।
- आवरण पृष्ठमै लेखकको नाम, संस्थागत विवरण, इमेल ठेगाना (उपलब्ध भएमा ORCID id तथा सङ्क्षिप्त परिचय (१०० शब्दसम्म) राख्नुपर्ने छ।

**(ख) लेखसार** (Abstract)

- मुख्य खोज समावेश भएको र लम्बाइ (१५०-२५० शब्दसम्म) भएको हुनुपर्ने छ।
- परिचय (Introduction), विधि (Methodology), विमर्श (Discussion) र प्राप्ति (Findings) लाई क्रमबद्ध रूपमा सूचित गर्नुपर्ने छ।

**(ग) शब्दकुञ्जी** (Keywords)

- विश्लेषणका मानदण्डलाई प्रतिनिधित्व गर्ने (Representing the analytical parameters), अन्वेषण र विश्लेषणमा सहयोगी हुने (Supporting exploration and analysis) पाँचओटा पद हुनुपर्ने छ।

**(घ) विषयपरिचय** (Introduction)

- शोधको शीर्षक परिचय, अध्ययनक्षेत्र निर्धारण गर्नुका साथै शोधसँग सम्बद्ध पूर्वअध्ययनको सङ्केत र निचोडका आधारमा शोधअन्तराल (Research Gap) र तदनुसारको शोधसमस्या (Research Problem) निर्धारण गरी शोधको औचित्य स्थापना (Justification of the study), सीमा र उपादेयता (Limitations and Utility) बारे स्पष्टीकरण दिनुपर्ने छ।

**(ङ) अध्ययनविधि** (Methodology)

- सामग्री सङ्कलनका उपकरण र विधि (Tools and Methods) का बारेमा स्पष्ट उल्लेख हुनुपर्ने छ।
- विश्लेषणका लागि अवलम्बन गरिएको सिद्धान्त र त्यसका आधारमा तयार पारिएको अवधारणात्मक ढाँचा (Conceptual Framework) र त्यसअन्तर्गत सूचक (Variable) र विश्लेषण विधि (Method of Analysis) को स्पष्ट किटान हुनुपर्ने छ।

(च) **विमर्श/विश्लेषण र नतिजा** (Discussion\ Analysis and Results)

- तथ्य र तर्क (Facts and Arguments) का आधारमा व्याख्या/विमर्श हुनुपर्ने छ।
- पूर्वप्रकाशित अन्य अधुनातन (latest) अध्ययनसँग तुलना गरी प्राप्ति, प्रभाव र सीमा (Findings, Impact and Limitations) को व्याख्या गर्नुपर्ने छ।
- व्याख्या/विमर्शमा वैधता, उपयुक्तता र गुणात्मकता (Validity, Relevance and Quality) अनिवार्य हुनुपर्ने छ।
- पूर्वाग्रह र संज्ञानात्मक त्रुटि (Bias and Cognitive Error) बाट मुक्त हुनुपर्ने छ।
- उपयुक्त चित्र एवम् तालिका पनि समावेश हुन सक्ने छन्।
- विश्लेषणका मानदण्डका आधारमा उपशीर्षक (Subheading) मा समेत विभाजन गर्न सकिने छ।

(छ) **निष्कर्ष** (Conclusion)

- लेखमा विश्लेषण गरिएका बुँदाहरूका सबै पक्ष समेटिने गरी क्रमशः सामान्यीकरण (Generalization) गरिएको हुनुपर्ने छ।
- शोधबाट प्राप्त नवीनतम सिद्धान्त तथा ज्ञान सङ्क्षेपमा उल्लेख गर्नुपर्ने छ।

(ज) **कृतज्ञताज्ञापन** (Acknowledgement)

- आवश्यक भएमा कृतज्ञताज्ञापन समावेश गर्न सकिने छ।

(ज) **सन्दर्भ सामग्रीसूची** (References)

- एपिए (APA) ढाँचाको सातौँ संस्करणअनुरूप हुनुपर्ने छ। विषयको आवश्यकताअनुसार एमएलए (MLA) ढाँचाको नवौँ संस्करणको अनुसरण पनि गर्न सकिने छ।
- सबै उद्धरण (Citation) र सन्दर्भमा एकरूपता हुनुपर्ने छ।
- सन्दर्भ सामग्री दिँदा पूर्वप्रकाशित अधुनातन (latest) अध्ययनलाई प्राथमिकतामा राख्नुपर्ने छ।

**उद्धरणको नमुना**

(खनाल, २०६८, पृ. ७२५)

(Culicover, 1976, P.45)

**सन्दर्भ सामग्रीका नमुनाहरू**

- **एउटै लेखकको पुस्तक**

खनाल, मोहनप्रसाद (२०६८). *नेपाली भाषाका हजार वर्ष*. विद्यार्थी पुस्तक भण्डार।

Culicover, P. W. (1976). *Syntax*. Academic Press.

- **सहलेखनको पुस्तक**

  बराल, कृष्णहरि र एटम, नेत्र (२०४६)। *उपन्यास-सिद्धान्त र नेपाली उपन्यास*. साझा प्रकाशन ।

  Haliday, M.A.K. and Hasan Ruqaiya. (1991). *Language, context and text: aspects of language in a social-semiotic perspective*. (Second Ed). Oxford University Press.

## ८. लेख दर्ता प्रक्रिया (Manuscript Submission Process)

लेखको विद्युतीय प्रति (Digital Copy) इमेलमार्फत बुझाउनुपर्ने छ । इमेल : htrj@trc.tu.edu.np

## ९. सम्पादकीय प्रक्रिया (Editorial Process)

- प्राप्त लेखको प्रारम्भिक परीक्षण गरिने छ ।
- पत्रिकाको क्षेत्रभित्र पर्ने लेख मात्र समीक्षाका लागि पठाइने छ ।
- सम्पादक मण्डलको सुझावअनुसार लेखमा आवश्यकताअनुरूप संशोधन गर्नुपर्ने छ ।

## १०. समीक्षा प्रक्रिया (Review Process)

- सबै लेखहरू दोहोरो गोपनीयतापूर्ण समीक्षा (Double-Blind Peer Review) को प्रक्रियाबाट मूल्याङ्कन गरिने छन् अर्थात् समीक्षक र लेखकको परिचय गोप्य राखिने छ ।
- समीक्षकको सुझावअनुसार लेख संशोधन गर्नुपर्ने छ ।

## ११. प्रकाशन निर्णय (Publication Decision)

- समीक्षकको प्रतिवेदन तथा सम्पादक मण्डलको निर्णयका आधारमा लेख स्वीकृत वा संशोधनसहित स्वीकृत वा अस्वीकृत गरिने छ ।

## १२. प्रकाशन नैतिकता (Publication Ethics)

- बौद्धिक चोरी (Plagiarism) र कृत्रिम बुद्धिमत्ताबाट गरिएको चोरी (AI-generated plagiarism) २० प्रतिशतभन्दा बढी पाइएमा लेख अस्वीकृत हुने छ ।
- कुनै व्यक्ति, लेखक, सम्पादक वा समीक्षकको व्यक्तिगत वा अन्य हितले उसको निर्णय, मूल्याङ्कन वा निष्कर्षलाई प्रभावित गर्न सक्ने स्थिति अर्थात् स्वार्थ द्वन्द्व (Conflict of Interest) पूर्णतः वर्जित (Strictly prohibited) हुने छ ।
- तथ्याङ्क (Data) को कृत्रिम निर्माण वा तोडमोड (Artificial creation or manipulation) गर्न पाइने छैन ।
- स्रोतको उचित उल्लेख (Proper citation of sources) अनिवार्य हुनुपर्ने छ ।

## १३. प्रकाशन शुल्क (Publication Fee)

- लेखको समीक्षा वा प्रकाशनका लागि लेखकबाट कुनै शुल्क लिइने र लेखकलाई दिइने पनि छैन ।

## १४. प्रतिलिपि अधिकार (Copyright Policy)

- प्रकाशित लेखको बौद्धिक स्वामित्व लेखकमा रहने छ भने लेखप्रकाशन तथा वितरणको अधिकार भने पत्रिकामा रहने छ ।

## १५. प्रकाशन आवृत्ति (Publication Frequency)

- पत्रिका वार्षिक रूपमा प्रकाशन गरिने छ ।

## १६. प्रकाशन माध्यम (Publication Plateform)

- नेप्जोल (NepJOL) मा दर्ता गरी DOI सहितको लेखलाई विद्युतीय र मुद्रित दुवै माध्यमबाट प्रकाशन गरिने छ ।
- यस पत्रिकाका लागि ISSN र E-ISSN लिइने छ ।

## १७. पत्रिका प्रकाशन समयतालिका (Journal Publication Schedule)

| | | |
|---|---|---|
| १ | लेख आह्वान (Call for papers) | असार ५, २०८३ |
| २ | लेख बुझाउने अन्तिम मिति (Deadline for article submission) | साउन २०, २०८३ |
| ३ | प्रारम्भिक समीक्षासम्बन्धी जानकारी (Information on initial review) | साउन २७, २०८३ |
| ४ | विज्ञसमीक्षा सम्पन्न हुने मिति (Completion of expert\ peer review) | भदौ २६, २०८३ |
| ५ | सशोधित लेख बुझाउने मिति (Date for submitting revised articles) | भदौ ३१, २०८३ |
| ६. | स्वीकृतिसम्बन्धी जानकारी (Acceptance notification) | असोज ७, २०८३ |
| ७ | पत्रिका प्रकाशन मिति (Journal publication date) | असोज २२, २०८३ |

### प्रकाशक

Research Management Cell (RMC), Tri-Chandra Multiple Campus, Ghantaghar, Kathmandu, Nepal. Email: rmctc@trc.tu.edu.np Mobile No.: 9851224735 Website: https://trc.tu.edu.np